नेपालको संविधानको धारा २१८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७बमोजिममिति२०७६/०८/१९गतेको बसेको वीरगंजमहानगरपालिका, नगर कार्यपालिका बैठकमाछलफलकालागि पेश गरिएका देहायका एजेन्डाहरुम निम्नानुसार निर्णय गरियो ।

| क्रसं. | एजेन्डाहरु | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | ढुंगा,गिटी,बालुवा ठेक्काको न्यूनतम अंक कायम गर्ने सम्बन्धमा । | स्थानीय राजस्व परामर्स समितिको सिफारिस बमोजिम भेडाहा खोलाबाट चालु आ.ब. २०७६/०७७ मा ढुंगा,गिटी,बालुवा उत्खनन ,संकलन ठेक्काको न्युनतम ठेक अंक रु ३८,१०,२४०/-(अडतिस लाख दस हजार दुई सय चालिस मात्र) कायम गर्ने निर्णय गरियो। |
| २ | प्रदेश सरकार विशेष अनुदान तर्फको आयोजना तथा कार्यक्रम छनौट सम्बन्धमा । | चालु आ.ब. २०७६/०७७ मा प्रदेश सरकार बिशेष अनुदान तर्फ तपसिल अनुसारका आयोजना तथा कार्यक्रम छनौट गरी प्रस्ताव पठाउने निर्णय गरियो ।<br>( १) पूर्ण साक्षारता कार्यक्रम - २० लाख<br>( २) सामुदायिक बिद्यालयहरुमा स्मार्ट कक्षा संचालन - ३०लाख<br>( ३) पोषण सुधार (सर्बोतम पिठो) कार्यक्रम ---२०लाख (पिछडीएको क्षेत्र )<br>( ४) खानेपानी आयोजना रामबनक्षेत्रमा ----२० लाख (पिछडीएको क्षेत्र )<br>( ५) दलित तथा पिछडिएको बर्गको लागि आयममूलक कार्यक्रम (पशुपालन तथा रिक्सा,ठेला खरिद) ----४० लाख । |
| ३ | अधिकृत स्तरका कर्मचारी हरुको नियुक्ति समर्थन सम्बन्धमा । | **<u>३.१ अधिकृत स्तरका कर्मचारीहरुको नियुक्ति समर्थन सम्बन्धमा:</u>** यस बिरगंज महानगरपालिका नगरकार्यपालिकाको कार्यालयको मांग बमोजिम लोकसेवा आयोगबाट सिफारिस भई आएका कानुन तथा प्रशासन सेवाका अधिकृत स्तरका कर्मचारीहरुको नियुक्ति समर्थन गरियो तथा अब उपरान्त लोकसेवा आयोगबाट सिफारिस भई आउने इन्जिनियरिंग तथा शिक्षा सेवाका अधिकृत स्तरका कर्मचारीहरु तथा बिभिन्न सेवा समुहका सहायक स्तरका अन्य कर्मचारीहरुलाई कार्यालयले नियमानुसार नियुक्ति दिने निर्णय गरियो ।<br>**<u>३.२ वडा कार्यालयको अधिकृत मूलक प्रशासनिक ब्यवस्था सम्बन्धमा</u>**:<br>वडा कार्यालयमा अधिकृत मूलक प्रशासनिक कार्य ब्यवस्था मिलाउन यस कार्यालयमा मौजुदा अधिकृत तथा कर्मचारीहरुलाई समेत वडामा खटाउने निर्णय गरियो । |
| ४ | मिना बजार कम्पलेक्सको ठेक्का सम्बन्धमा । | राजस्व संकलन,समन्वय तथा अनुगमन समितिको प्रतिवेदन पेश भई छलफल भयो तथा मिना बजार कम्पलेक्स ठेक्काको सम्बन्धमा थप अध्ययन गरी राय ठहर सहितको प्रतिवेदन कार्यपालिकाको अर्को बैठकमा |

प्रमुख प्रशासकीय अधिकृत

वीरगंज महानगरपालिका
नगरकार्यपालिकाको कार्यालय
वीरगंज, पर्सा
२ नं प्रदेश (नेपाल)

| | | |
|---|---|---|
| | | पेश गर्न उक्त समितिलाई जिम्मा दिने निर्णय गरियो । |
| ५ | प्रधानमंत्री रोजगार कार्यक्रमको आयोजना छनौट सम्बन्धमा । | चालु आ.ब.२०७६/०७७ मा प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि देहाय अनुसारको आयोजना तथा कार्यक्रम छनौट गर्ने निर्णय गरियो ।<br>क) प्लाष्टिक मुक्त वीरगंज अभियान कार्यक्रम ।<br>ख) No Horn अभियान कार्यक्रम ।<br>ग) कुहिने र नकुहिने फोहोर छुट्टयाउने घरदैलो कार्यक्रम ।<br>घ) विभिन्न अभियानका बारेमा अभिमुखीकरण कार्यक्रम ।<br>ङ) फोहोर संकलनका लागि प्लाष्टिकको डस्टविन खरिद तथा अति विपन्न परिवारहरुमा वितरण कार्यक्रम । |
| | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सुझावहरु जानकारी सम्बन्धमा । | नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिहदरवार, काठमाण्डौ को प सं २०७६/०७७ च नं २३० मिति २०७६।०८।१५ को पत्र साथ संलग्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त ६१ बुँदे सुझावहरुको बारेमा जानकारी प्राप्त भयो । सुझावहरु कार्यान्वयनका लागि वीरगंज महानगरपालिका नगर कार्यपालिकाको कार्यालयको महाशाखा, शाखा तथा वडा कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । |
| | कृषि विकास शाखामा विभिन्न कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा । | वीरगंज महानगरपालिकाको आर्थिक विकास समितिले तयार पारी पेश गरेको देहाय अनुसारको कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो ।<br>क) कृषि सामाग्री अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७६<br>ख) भकारो सुधार कार्यक्रम संचालन कार्यविधि, २०७६<br>ग) साना सिचाई कार्यक्रम कार्यविधि, २०७६ |
| | विविध | ८.१ <u>नारायणी अस्पतालबाट प्रदान गरिने सेवा सुविधा सुधार सम्बन्धमा :</u><br>नारायणी अस्पताल वीरगंजबाट प्रदान गरिने सुविधा नियमित, छिटो, छरितो, गुणस्तर तथा व्यवस्थित नभएको भनि व्यापक जनगुनासो आएकोले तत्काल सेवा सुविधा सुधार गर्न तालुक निकाय तथा सम्बन्धित निकायमा लेखी पठाउने निर्णय गरियो ।<br>८.२ <u>राजस्व ठेक्का सम्बन्धमा</u> :<br>राजस्व संकलन, समन्वय तथा अनुगमन समितिको प्रतिबेदन प्रस्तुत भई छलफल भयो तथा मीना बजार कम्पलेक्स बाहेकको गत बिगतमा लागेको राजस्व ठेक्का सम्बंधामा नियमानुसारको आबस्यक कारवाही गर्ने र सो बारे आगामी कार्यपालिका बैठकमा जानकारी गराउने निर्णय गरियो ।<br>८.३ <u>स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम सम्बन्धमा :</u><br>पर्सा जिल्ला निर्बाचन क्षेत्र न. १ र २ को स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम तर्फ छनौट भएका आयोजनाहरु जानकारी गराइयो र सोहि बमोजिम वीरगंज महानगरपालिकाबाट साझेदारी गरि कार्यान्वयन गर्ने निर्णय गरियो । |

प्रमुख प्रशासकीय अधिकृत